**नेपाल सरकारबाट स्विकृत मितिः २०५५।३।९**

# औद्योगिक व्यवसाय विकास प्रतिष्ठान नियमावली, २०५५

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन २०५३ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले देहायको नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१. यो नियमावलीको नाम मा **औद्योगिक व्यवसाय विकास प्रतिष्ठान नियमावली, २०५५** रहेको छ ।

२. यो नियमावली श्री ५ को सरकारले स्वीकृति प्रदान गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

३. यो नियमावली प्रतिष्ठान र सो अन्तर्गतका निकायहरु समेतलाई लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "**ऐन**" भन्नाले औद्योगिक व्यवसाय विकाास प्रतिष्ठान ऐन, २०५३ सम्झनु पर्दछ ।

(ख) "**तोकिएका**" वा "**तोकिए बमोजिम**" भन्नाले ऐन तथा यस निमायवली अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

३. **मूल्यांकन तथा अनुगमन गर्ने :** ऐनको दफा ५ बमोजिमका उद्देश्य प्राप्त गर्नको लागि प्रतिष्ठानले आफूले प्रदान गरेका सेवाहरु तथा सोही प्रकृतिका अन्य संघ संस्थाबाट सञ्चालित सेवा तथा कार्यक्रमहरुको आवश्यकतानुसार मूल्यांकन तथा अनुगमन गर्ने छ ।

४. **शुल्क लगाउन सक्ने :** प्रतिष्ठानले आफूले प्रदान गरेको सेवा वापत मनासिब माफिकको शुल्क लगाउन सक्ने छ ।

५. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार :** ऐनको दफा १० मा उल्लेखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्रतिष्ठानको काम कारवाहीको सुपरिवेक्षण तथा निरिक्षण गर्ने,

(ख) प्रतिष्ठानद्वारा सञ्चालित कार्यक्रमको अर्ध वार्षिक तथा वार्षिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने ।

(ग) समितिबाट प्रत्यायोजना भएका अन्य काम गर्ने ।

६. **कार्यकारी निर्देशकको सेवा, शर्त र सुविधा :** कार्यकारी निर्देशकको सेवा, शर्त र सुविधा देहाय बमोजिम हुनेछ ।

(क) कार्यकारी निर्देशकले पाउने मासिक पारिश्रमिक तोकिए बमोजिम हुनेछ ।

(ख) कार्यकारी निर्देशकले प्रतिष्ठानको अधिकृत कर्मचारीले पाए सरहको विदाको सुविधा, अनुदान, उपचार खर्च र अन्य सुविधा पाउनेछ ।

(ग) प्रतिष्ठानका अधिकृत कर्मचारीले पालन गर्नुपर्ने आचारण सम्बन्धि व्यवस्था कार्यकारी निर्देशकको हकमा समेत लागू हुनेछ ।

(घ) ऐन वा यस नियमावली र यस अर्न्तगतको विनियमावलीमा उल्लेखित सेवा, शर्त र सुविधा बाहेक कार्यकारी निर्देशको अन्य सेवा, शर्त र सुविधा समितिले तोकिदिए बमोजिम हुनेछ ।

७. **कार्यकारी निर्देशक पदबाट हट्न सक्ने** : देहायको अवस्थामा कार्यकारी निर्देशक आफ्नो पदमा बहाल रहन सक्ने छैन ।

(क) शारीरिक तथा मानसिक रुपले कार्यकारी निर्देशकले आफूले गर्नुपर्ने कार्य गर्न असमर्थ भएमा ।

(ख) आफ्नो पदबाट राजीनामा दिएमा ।

(ग) नैतिक पतन देखिने गरी फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा ।

(घ) ऐनको दफा ९ बमोजिम पदावधि समाप्त भएमा ।

(ङ) मृत्यु भएमा ।

८. **कोषको सञ्चालन** :

१. ऐनको दफा १२ बमोजिम स्थापना हुने कोषको सञ्चालन प्रतिष्ठानको स्वीकृत बजेट अनुसार हुनेछ । प्रतिष्ठानको बजेट बनाउँदा यस अन्तर्गतका निकायका बजेटहरुलाई केन्द्रीय रुपमा समष्टिगत गरी स्वीकृतीको लागि समितिमा पेश गरिने छ ।

२. प्रतिष्ठानमा केन्द्रिय कोष र सञ्चालन कोष गरि दुई तहका कोष रहने छन् ।

३. प्रतिष्ठानको लेखा विधि तथा लेखाङ्कन पद्धति दोहोरो श्रेस्ता प्रणाली अन्तर्गत व्यवसायिक सिद्धान्तमा आधारित हुनेछ ।

४. प्रतिष्ठानको कोष परिचालन गर्ने, आर्थिक कारोवारको श्रेस्ता राख्ने र लेखा परीक्षण गराउन, वार्षिक आर्थिक प्रतिवेदन तयार गर्ने सम्बन्धि उरदायित्व वहन गर्न एक वित्त प्रमुखको व्यवस्था गरिनेछ । निजको अन्य काम र कर्तव्य तोकिए बमोजिम हुनेछ ।

५. आर्थिक व्यवस्थापन सम्बन्धि अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

९. **कर्मचारी नियुक्ति, सेवा, शर्त र सुविधा** :

१. प्रतिष्ठानमा कुनै पनि पदमा स्थायी नियुक्ति गर्न पर्दा सार्वजनिक सूचना प्रकाशित गरी गरिनेछ ।

२ प्रतिष्ठानमा प्रशासनिक र प्राविधिक गरी दुई किसिमका सेवाहरु हुनेछन् ।

३. प्रतिष्ठानमा श्रेणी बिहीन र सहायक र अधिकृत गरी जम्मा तीन श्रेणीका सेवाहरु हुनेछन् ।

४. ऐनको दफा ३ को उपदफा २ अनुसार प्रतिष्ठान एउटा छाता संगठनको हैसियतमा स्थापना भएकोले प्रतिष्ठानको संगठन संरचनामा केन्द्रिय तह र मातहतका निकायका ( केन्द्र, आयोजना आदि) तहहरु हुनेछन् ।

५. कर्मचारीले सेवा, शर्त, सुविधा तथा अन्य व्यवस्था सम्बन्धि कुराहरु तोकिए बमोजिम हुनेछन् ।

१०. **साविक औद्योगिक व्यवसाय विकास केन्द्रका कर्मचारीको सम्बन्धमा विशेष व्यवस्था**

ऐन लागू हुनु अघि औद्योगिक व्यवसाय विकास समिति (गठन) आदेश २०५२ बमोजिम गठित औद्योगिक व्यवसाय विकास केन्द्रमा कार्यरत कर्मचारीहरुका हकमा निजहरु उक्त केन्द्रमा नियुक्ति भई वा काजमा काम गर्दा कायम भएको जेष्ठतालाई प्रतिष्ठानमा काम गरे सरह मान्यता प्रदान गरी समितिले स्थायी नियुक्तिको प्रक्रिया अपनाउनेछ ।

११. **नियुक्ति गर्ने अधिकार :**

प्रतिष्ठानमा कर्मचारीको नियुक्ति गर्दा अधिकृत कर्मचारीको हकमा पदपूर्ति समितिको सिफारिसमा समतिले नियुक्ति गर्ने छ । अन्य कर्मचारीको (सहायक कर्मचारी) हकमा पदपूर्ति समितिको सिफारिसमा नियुक्ती गर्ने अधिकार कार्यकारी निर्देशकलाई हुनेछ ।

१२. **पदपूर्ति समितिको गठन :** सेवाको रिक्त पद खुला प्रतियोगिता वा कार्य क्षमताको मूल्यांकन तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्नको लागि सिफारिस गर्ने देहाय बमोजिमको एक पदपूर्ति समितिको गठन गरिनेछ ।

१. कार्यकारी निर्देशक - अध्यक्ष

२. सञ्चालक समितिले तोकेको प्रतिनिधि - सदस्य
(तर पूर्ति गरिने पदभन्दा तल्लो तहको अधिकृतले प्रतिनिधित्व गर्ने छैन)

३. पदपूर्ति गरिने पदको कामसँग सम्बन्धित पदपूर्ति समितिले तोकेको विशेषज्ञ - सदस्य

४. प्रशासन विभागको प्रमुख - सचिव

पदपूर्ति समितिको काम र कर्तव्य तोकिए बमोजिम हुनेछ ।

१३. **नियुक्तिको लागि योग्यता :** प्रतिष्ठानको कुनै पनि पदमा नियुक्ति गर्दा चाहिने योग्यता तोकिए बमोजिम हुनेछ ।

१४. **समितिको बैठक भत्ता :** समितिको बैठकमा भाग लिए बापत दिइने बैठक भत्ता समितिले तोके बमोजिम हुनेछ ।

१५. **खारेजी र बचाउ :**

१. यो नियमावली लागू हुन अघि समितिले गरेका सबै कार्यहरु यसै नियमावली अनुसार गरेको मानिनेछ ।

२. यो नियमावलीमा परेका कुराहरु यसै नियमावली अनुसार र यस नियमावलीमा नपरेका कुराहरु समितिले निर्णय गरे अनुसार हुनेछ ।